NEPALI

# तपाईंको पारिवारिक भाषा हरूको संरक्षण

आफ्नो पारिवारिक भाषालाई कायम राख्नाले सबै पछिका भाषाहरूको विकासको लागि आधार बन्छ। तपाईंको बच्चाले सजिलैसँग धेरै भाषाहरू सिक्न सक्छ जब उनले बलियो भाषाको प्रस्तुतीहरू हेर्न, सुन्न र सञ्चार गर्ने अवसरहरू पाउँछ।

भिक्टोरियाका अर्ली इयर्स व्यावसायिकहरूलाई भिक्टोरियन अर्ली इयर्स लर्निङ एण्ड डेभलपमेन्ट फ्रेमवर्क (VEYLDF) द्वारा निर्देशित गरिन्छ। यो प्रणालीले बहुभाषीवादलाई एक सम्पत्तिको रूपमा मान्यता दिन्छ र यो आशा स्थापित गर्दछ कि बच्चाहरुलाई आफ्नो पारिवारिक भाषाहरू कायम राख्न सहयोग गरिनेछ,अंग्रेजीलाई एक अतिरिक्त भाषाको रूपमा सिकाइनेछ,र अंग्रेजी बाहेकका अन्य भाषाहरु प्रारम्भिक उमेरको शिक्षा र हेरचाह कार्यक्रममा सहभागी हुँदा सिकाइनेछ (VEYLDF, 2016)।

तपाईंको बच्चाले पारिवारिक भाषाहरू कायम राख्न र तिनिहरुको विकास जारी राख्नमा धेरै फाइदाहरू छन्:

- तपाईंको बच्चाले तपाईंको पारिवारिक भाषाको प्रयोगद्वारा आफ्नो संज्ञानात्मक लचिलोपन र विकासलाई विस्तार गर्न सक्छ।
- तपाइँको पारिवारिक भाषाहरूको प्रयोग पारिवारिक सम्बन्धको लागी आवश्यक छ, आफ्नोपन र सम्बन्धको भावना सृजना गर्नलाई।
- पारिवारिक भाषाहरू अपरिहार्य रूपमा तपाइँको बच्चाको पहिचान, संस्कृति र भलाईसंग जोडिएको हुन्छ।
- आफ्नो पारिवारिक भाषा[हरू]मा प्रवाह हुँदा अंग्रेजी जस्तै अतिरिक्त भाषाहरु सिक्नको लागी तपाइँको बच्चालाई मद्दत गर्दछ।

The VEYLDF (2016) ले 'पहिचान वा गृह भाषाहरूको अधिग्रहण र प्रयोगले पहिचानको निर्माणमा महत्त्वपूर्ण र निरन्तर भूमिका खेल्छ' भनेर शिक्षकहरूलाई व्याख्या गर्छ (पृष्ठ १८)। तसर्थ,अंग्रेजीलाई एक अतिरिक्त भाषाको रूपमा विकास गर्न सहयोग गर्नुको एक विशिस्ट पाटो भनेको शिक्षकहरु र परिवारहरुलाई सहयोगी साझेदारीमा संलग्न हुन प्रोत्साहित गर्न र बच्चाहरुलाई आफ्नो पारिवारिक भाषा[हरु]को विकास जारी राख्नको लागी सहयोग गर्न हो।

## प्रारम्भिक बाल्यकाल शिक्षा र हेरचाह वातावरणमा अंग्रेजीलाई अतिरिक्त भाषाको रूपमा विकास गर्दै

तपाईंको बच्चालाई भिक्टोरियन प्रारम्भिक बाल्यकाल शिक्षा र हेरचाह वातावरणमा अंग्रेजी सिक्ने धेरै अवसरहरू हुनेछन्। अनुसन्धानले हामीलाई बताउँछ कि 'बच्चाहरुले अंग्रेजी (वा अर्को भाषा) एक अतिरिक्त भाषाको रूपमा भाषाको सम्पर्क, स्पष्ट प्रस्तुत र भाषाको शिक्षण, र नयाँ भाषा प्राप्त गर्नको लागी उपयुक्त समयको माध्यमबाट सफलतापूर्वक सिक्न सक्छन्' (VEYLDF, २०१६, पृष्ठ २२)।

एउटा भाषा जान्दा बालबालिकालाई अन्य भाषाहरु कसरी काम गर्दछन् भन्ने बुझ्न सघाउँछ। बच्चाहरुले एउटा भाषामा विकसित गरेको सीप नयाँ भाषामा स्थानान्तरण गर्न सकिन्छ। पारिवारिक भाषाको माध्यमबाट बच्चाहरुले नयाँ भाषाको,यसका नियमहरु र शब्दावलीको भेउ पाउँछन्। जब तपाईंको बच्चा अंग्रेजी भाषाको वातावरणमा डुब्छ, उसले धेरै फरक सन्दर्भहरुमा अंग्रेजी सुन्ने अवसर पाउँनेछ। उनीहरु अरु बच्चाहरुसंग सामेल हुन र खेल्न मन गर्छन र शिक्षकहरुले तपाईंको बच्चालाई अंग्रेजी सुन्न र बोल्न अभ्यास गर्नको लागी राम्रो प्रस्तुती र धेरै अवसरहरु प्रदान गर्नेछन्।

भाषिक सीपहरू बच्चाको अघिल्लो भाषाका अनुभवहरू, नयाँ भाषामा प्रवेश र नयाँ वातावरण जुनमा उनीहरूले सिकिरहेका छन्, ति अनुसारको उपयुक्त गतिमा विकास हुन्छन्। संगसंगै धेरै भाषाहरू सिकिरहेका बच्चाहरूले, कुनै समयमा, एउटा भन्दा अर्को भाषा बढी बोल्न सक्छन्। सुरुमा बच्चाहरु बोल्दा भाषाहरु मिसाएर बोल्न सक्छन्। उनीहरूले एउटा भाषाका शब्दहरु जान्न तर अर्काको नजान्न सक्छन्। उनीहरूले कुराकानीको प्रवाहलाई कायम राख्नलाई, जानेका शब्दहरू प्रयोग गर्छन्। यो बच्चाहरुले उनिहरुका भाषाहरु बहुभाषी संदर्भहरुमा प्रयोग गर्दा विकास गरेको एक प्राकृतिक र लचीलो कौशल हो।

## सम्झनुहोस...

नयाँ भाषामा कुराकानीको प्रवाह विकास गर्न समय लाग्छ र बच्चाहरूलाई अतिरिक्त भाषा सिक्ने प्रक्रियाहरू पार गर्न उनीहरू वरपरका वयस्कहरूबाट समय र दबाबरहित सहयोग समर्थन चाहिन्छ।

आफ्नो पारिवारिक भाषा[हरु] सिक्न र उपयोग गर्न पाउने अधिकार सबै बच्चाहरुको छ (UNCRC, 1989)।


**अध्ययन सामग्री**

शिक्षा र प्रशिक्षण विभाग, 2016। भिक्टोरियाली प्रारम्भिक वाल शिक्षण तथा विकास प्रणाली।

UNICEF, 1989. संयुक्त रास्ट्रसंघ बाल अधिकार सम्मेलन (UNCRN)।